प्रमाणिकरण मिति : २०७५।०९।२०

# पालुङटार नगरपालिकाको
# स्व-आर्जन प्रवर्द्धन कोष संचालन (कार्यविधि) नियमावली, २०७५

## पालुङटार नगरपालिका

## प्रस्तावना :–

नेपालको संविधानले व्यवस्था गरेको तिन तहको राज्य संरचना मध्ये स्थानीय तह जनतासँग प्रत्यक्ष रुपमा सम्बन्धित हुने हुँदा आर्थिक बिकासको निमित्त स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । विशेषत खुला अर्थतन्त्रमा ***माछा दिने होइन माछा मार्न सिकाउनु पर्छ*** भन्ने भावना अनुरुप आर्थिक समृद्धिका लागि जनतालाई आत्मनिर्भर तथा स्व-आर्जन तर्फ उत्प्रेरित गरि रोजगारी तथा व्यवसायको सिर्जना गर्नु उपयुक्त हुनेछ । यसले विपन्न तथा गरिब स्थानीयवासी तथा समुदायहरुको जिविकोपार्जनमा सुधार ल्याउनुका साथै स्थानीय निकायहरुले आफ्नो क्षेत्रमा प्रदान गर्ने सेवामा पर्ने आर्थिक भार वा दवाव कम गर्नका लागि समेत सहयोग गर्दछ । साथै यस किसिमको कार्यक्रमले पालुङटार न. पा. का लाभग्राही नगरवासीहरुलाई व्यवसायी, उद्यमशील तथा उद्यमी वनाई आत्मनिर्भर बनाउने र सो बाट जिविकोपार्जन एवं आर्थिक बिकास तर्फ उन्मुख गराउन समेत सहयोग पुग्नेछ ।

रोजगारी तथा व्यवसाय प्रबर्द्धनका लागि स्थानीय तहको सहयोगको अनिवार्यता रहन्छ । पालुङटार नगरपालिका सो जिम्मेवारीबाट विमुख रहन सक्दैन । तर सो को प्रभावकारी कार्यान्वयन तथा उद्देश्य अनुरुपको प्रतिफलको सुनिश्चितताको लागि पारम्पारिक रुपमा आर्थिक सहयोग प्रदान गर्नु भन्दा नयाँ प्रणालीको बिकास अनिवार्य रहन गएको छ । यसै भावना अनुरुप यस नगरपालिकाबाट हुने व्यवसायी तथा उद्यम प्रबर्द्धनको लागि प्रदान गरिने आर्थिक लगानी ऋणको रुपमा वितरण गर्दा वित्तीय पारदर्शिता तथा प्रस्तावहरुको स्वतन्त्र मूल्याङ्कन गरी सेवाग्राहीहरुलाई वित्तीय अनुशासन तर्फ सजग हुने तथा जवाफदेहीताको बिकास गरी प्रदान गरिएको रकमको सदुपयोगिता समेत सुनिश्चित हुने परिकल्पना गर्न सकिन्छ । प्राकृतिक श्रोत तथा सम्भावनाको प्रचुरता भएको यस क्षेत्रमा यस कार्यक्रम कार्यान्वयनले यस क्षेत्रमा थुप्रै उद्यमी तथा व्यवसायीहरु पहिचान हुनुका साथै यस किसिमका व्यवसायीहरुको बढोत्तरी, संचालन तथा सृजनामा यस कार्यक्रमबाट प्रोत्साहन हुने विश्वास गर्न सकिन्छ । यसले यस नगरपालिकाका नगरवासीहरुलाई उचित लगानीको लागि आवश्यक पूँजीको उपलब्धता पनि हुने र उनीहरुलाई व्यवसायिक हुन उत्प्रेरित गराउने निश्चित छ । यसै आवश्यकतालाई मध्य नजर गर्दै यस नगरपालिका भित्र रहेका उद्यमी तथा व्यवसायीहरुलाई सुलभ तथा सजिलो ऋण उपल्ब्ध गराउने, व्यवसाय र उद्योग स्थापना, सञ्चालन, उद्यम व्यवसायमा थप प्रविधि विस्तार, बजार विस्तार तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा कर्जा मार्फत सघाउ पुऱ्याउने उदेश्यले पालुङटार नगरपालिका अन्तरगत “स्वआर्जन प्रबर्द्धन कोष” स्थापना गरि सस्तो र सुलभ ऋण उपलब्ध गराउन लागिएको हो । अतः उल्लेखित कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (७) र दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो (कार्यविधि) नियमावली बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस (कार्यविधि) नियमावलीको नाम "पालुङटार नगरपालिकाको स्व-आर्जन प्रबर्द्धन कोष संचालन (कार्यविधि) नियमावली, २०७५" रहेको छ।

(२) यो (कार्यविधि) नियमावली पालुङटार नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस (कार्यविधि) नियमावलीमा:

क) "कोष" भन्नाले यस पालुङटार नगरपालिकाको स्थानीय उद्यम तथा व्यवसायीहरुको उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास र विस्तार गर्नको लागि स्थापना गरिएको पालुङटार नगरपालिकाको स्व-आर्जन प्रबर्द्धन कोष सम्झनुपर्दछ।

ख) "उद्यम तथा व्यवसाय" भन्नाले पालुङटार नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेका कृषि सहकारी, कृषि समुह, किसान क्लव र अगुवा कृषकलाई सम्झनुपर्दछ। यो शब्दले स्थानीय श्रोत साधन र सीपको उपयोग गरि आर्थिकोपार्जन तथा जिवीकोपार्जनमा टेवा पुग्ने गरी व्यक्ति तथा समुहद्धारा सञ्चालन गरिएको उद्यम तथा व्यवसाय समेतलाई जनाउनेछ।

ग) "बैंक" तथा वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम इजाजत प्राप्त 'क' वा 'ख' वर्गमा पर्ने बैंक वित्तीय संस्थालाई सम्झनुपर्दछ।

घ) "समिति" भन्नाले "स्व-आर्जन प्रबर्द्धन कोष" लाई नतिजामुलक र प्रभावकारी रुपमा संचालन गर्नको लागि नियम ११ बमोजिम गठन भएको कोष संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ।

ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको संयोजक समेतलाई जनाउनेछ।

च) "नगर कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिका सम्झनुपर्दछ ।

(छ) "तालिम" भन्नाले उद्यम तथा व्यवसायको सञ्चालन, व्यवस्थापन तथा प्रवर्द्धन गर्नको लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान आर्जन/प्रदान गर्ने हेतुले सञ्चालन गरिने "आफ्नो व्यवसाय आफै शुरु तथा सुधार (Start and Improve Your Business/SIYB) गरौं" तथा "लघु उद्यम र व्यवसायको सिर्जना तथा विकास (Micro-Enterprise Creation and Development) गरौ" भन्ने उद्देश्यले सञ्चालन गरिने तालिमहरुलाई सम्झनुपर्दछ।

(ज) "सहजकर्ता" भन्नाले स्व-आर्जन कार्यक्रम अन्तरगत उद्यम तथा व्यवसायको स्थापना, विकास तथा प्रवर्द्धन गर्नका लागि सहजिकरण गर्न आवश्यक योग्यता पुगेको जनशक्ति भन्ने सम्झनुपर्दछ।

(झ) "बजारीकरण" भन्नाले उद्यम तथा व्यवसायबाट हुने उत्पादनहरुको मूल्य निर्धारण, प्रवर्द्धन तथा उत्पादित वस्तुहरुको वितरण तथा तिनको बजारसम्मको पहुँच पुग्ने गरी स्थापना र व्यवस्थित गर्ने प्रणालीसँग सम्बन्धित क्रियाकलापहरुलाई जनाउनेछ।

(ञ) "साझा सुविधा केन्द्र" भन्नाले उद्यम तथा व्यवसायमा आवद्ध सदस्यहरू एकै स्थलमा जम्मा भई उद्यम तथा व्यवसायबाट उत्पादित वस्तुहरुको उत्पादन, प्रशोधन, बजारीकरण तथा सेवा सम्बन्धी छलफल तथा काम गर्ने भवन वा स्थानलाई जनाउँछ।

(ट) "नगर सभा" भन्नाले पालुङटार नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ।

(ठ) "प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ।

(ड) "उप-प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्दछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ण) "सदस्य" भन्नाले नगर कार्यपालिका र नगर सभाका सदस्यहरुलाई सम्झनुपर्दछ ।

(त) "कार्यालय" भन्नाले पालुङटार नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(थ) "सेवा प्रदायक संस्था" भन्नाले उद्यम तथा व्यवसाय गरेका दुई वा दुई भन्दा बढी सदस्यहरु संगठित भएको सहकारी, समूह, क्लव समेतका फर्म वा व्यवसाय दर्ता र नविकरण गरी सञ्चालनमा रहेका संगठित संस्थाहरुलाई सम्झनुपर्दछ ।

(द) "बिमा कम्पनी" भन्नाले उद्यम तथा व्यवसायको बिमा गर्ने प्रयोजनको लागि उद्यमी तथा व्यवसायी, समिति र बिमा सम्झौता गर्ने बिमा कम्पनी सम्झनुपर्दछ ।

## परिच्छेद – २
## उद्यम तथा व्यवसायको छनौट र संचालन सम्वन्धी व्यवस्था :

**३. (कार्यविधि) नियमावली उद्देश्य :** यो (कार्यविधि) नियमावलीको उद्देश्य पालुङटार नगरपालिका भित्र स्थानीय श्रोत, साधन र सीपको उपयोग गर्ने र स्थानीय उद्यम तथा व्यवसायको सञ्चालन तथा प्रवर्द्धन गरि नगरबासीहरुको जिविकोपार्जन एंव आर्थिकोपार्जनमा टेवा पुऱ्याउदै उनीहरुलाई थप उत्साहित र उत्प्रेरित गर्नुको साथै उनीहरुको जीवनस्तरमा सुधार र सुदृढिकरण गर्दै समृद्ध पालुङटार नगरपालिका र सुखी नगरबासीको अवधारणालाई साकार पार्नको लागि स्व-आर्जन कोषको विधिवत सञ्चालन र व्यवस्थित गर्दै जानुहुनेछ ।

**४. लक्षित समूह :** लक्षित समूह अन्तरगत देहाय बमोजिमका समूहहरु रहनेछन् :

(१) पालुङटार नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरिरहेका कृषि सहकारी, कृषि समूह, किसान क्लव, अगुवा, नमूना उद्यमी किसानहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) लक्षित समूहमा निजी उद्यम तथा व्यवसाय गरी दैनिक जिविकोपार्जन तथा आय-आर्जन गरिरहेका उद्यमी तथा व्यवसायी महिला, दलित, जनजाति, मधेशी, युवा (१६–५० वर्ष) समेत रहनेछन् ।

(३) अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरू, दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरुमा यो कार्यक्रम सञ्चालन गर्दा प्राथमिकता दिइनेछ ।

## परिच्छेद – ३
## स्व-आर्जन कोष स्थापना र सञ्चालन सम्वन्धी व्यवस्था :

**५. स्व-आर्जन कोषको स्थापना : (१)** पालुङटार नगरपालिका भित्र उद्यमी तथा व्यवसायीकताको माध्यमवाट जिवीकोपार्जन तथा आय आर्जनका उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार गर्नको लागि नगरपालिका अन्तरगत एक स्व-आर्जन प्रबर्द्धन कोषको स्थापना गरि तोकिएको बैङकमा खाता खोली देहाय बमोजिमको बजेट रकम कोषमा जम्मा हुनेछन ।

(क) संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार गर्नको लागि स्व-आर्जन कार्यक्रमका लागि प्राप्त हुने बजेट रकम ।

(ख) विकास साझेदार संस्थाहरुबाट प्राप्त हुने बजेट रकम ।

(ग) नगर सभा र नगर कार्यपालिकाको बैठकबाट स्थानीय उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार गर्नको लागि स्व-आर्जन कार्यक्रमका लागि विनियोजित हुने बजेट रकम ।

(घ) सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट स्थानीय उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार गर्न स्व-आर्जन कार्यक्रमका लागि प्राप्त हुने बजेट रकम ।

(ङ) विषयगत शाखा तथा अन्य स्रोतबाट स्थानीय उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार

गर्न स्व-आर्जन कार्यक्रमका लागि प्राप्त हुने बजेट रकम ।

(च) कोषमा रहेको बजेट रकमबाट प्राप्त हुने व्याज वा अन्य आयको रकम ।

**६. स्व-आर्जन कोषको सञ्चालन :**

(१) स्व-आर्जन कार्यक्रम बैंक तथा वित्तीय संस्थाहरु मार्फत संचालन गरिने हुंदा नगरपालिकाले कानून बमोजिम आवश्यक कार्यक्रम सम्झौता गरी छनौट गरेको बैंक तथा वित्तीय संस्था मार्फत संचालन गरिनेछ ।

(२) नगरपालिकाले बैंक तथा वित्तीय संस्था छनौट गरी कार्यक्रम सम्झौता गरेर जिम्मेवारी प्रदान नगरे सम्म यो कार्यक्रम नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुनेछ ।

**७. स्व-आर्जन प्रबर्द्धन कोषको उद्देश्य :** स्व-आर्जन प्रवर्द्धन कोषको पालुङटार नगरपालिका भित्र उद्यम तथा व्यवसाय गरेका कृषि तथा उद्यमसँग सम्बन्धित सहकारी, समूह, क्लव, उद्यमी तथा व्यवसायीहरुको विकास तथा प्रवर्द्धन गर्दै नगरपालिकाभित्र बसोवास गर्ने लाभग्राहीहरुलाई कम व्याजदरमा कर्जा उपलब्ध गराई स्थानीय उद्यम तथा व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तार गरी स्थानीय रोजगार तथा स्वरोजगारको अवसर सृजना तथा विस्तार गर्ने लगाएत देहाय बमोजिमका उद्देश्यहरु रहनेछन् :

(१) स्थानीय उद्यमीहरुलाई सरल र कम व्याजदरमा कर्जा प्रवाह गरी उद्यम तथा व्यवसायीकता बिकासको माध्यमबाट स्थानीय नगरबासीहरुलाई आत्मनिर्भर र स्वाबलम्वी जीवनस्तर प्रदान गर्न साथै विपन्न तथा गरिव घरधुरीहरुको आर्थिक अवस्थामा सुधार गरि आर्थिक तथा सामाजिकस्तर उकास्नको लागि सहयोग पुऱ्याउने ।

(२) स्थानीय उद्यमीहरुको उद्यमशीलताको विकास, विस्तार एवं प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(३) बैंक वित्तीय संस्थाहरुलाई वित्तीय रुपमा तत्काल सम्भाव्य नदेखिएका तर यस क्षेत्रको आर्थिक बिकासका लागि उत्पादनशील क्षेत्रमा आवश्यक ऋण कर्जा लगानीका लागि प्रोत्साहित गर्ने ।

(४) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह जस्तै गरिब समुदायका महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग आदि छनौट गरी ती लक्षित समुदायलाई कोषको प्रवाह सुनिश्चितता गर्दै जाने ।

**८. कोषको रकम वृद्धि :** नगरपालिकाले स्थानीय उद्यम तथा व्यवसायीक कार्यक्रमको सफलता, प्रतिफल र प्रभाव, बजेटको उपलब्धता र कार्यक्रमको आवश्यकता र औचित्यताको आधारमा कोषको रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

**९. कोषको प्रयोग :** कोषमा जम्मा भएको र जम्मा हुने बजेट रकमको प्रयोग देहाय बमोजिमको हुनेछ :

(१) स्थानीय युवा, विपन्न, गरिव, दलित, महिला, जनजाती र अन्य स्थानीय लाभग्राहीहरुलाई उद्यमी तथा व्यवसायी बन्न प्रोत्साहन गर्न, उद्यम तथा व्यवसायको स्थापना, सञ्चालन तथा विकास, थप प्रवर्द्धन, प्रविधिको विकास सम्बन्धी कार्यहरुमा कम व्याज दरमा समुह जमानीमा कर्जा प्रवाह गर्नको लागि कोषको प्रयोग गरिनेछ ।

(२) कोषको बजेट रकमबाट उद्यम तथा व्यवसायको लागि कर्जा प्रवाह गर्ने कार्य बाहेक कोष संचालन खर्च, उद्यम तथा व्यवसायको सञ्चालन, विकास तथा विस्तार, उद्यम तथा व्यवसायको प्रबर्द्धन गर्न शिप तथा व्यवसायीकताको बिकास गर्नको लागि तालिम सञ्चालन गर्न प्रचलित कानूनको

अधिनमा रहि आवश्यक रकम खर्च गर्न सकिनेछ । तर यस्तो रकम कोषमा जम्मा भएको रकमको वार्षिक २ (दुई) प्रतिशत भन्दा बढि हुने छैन ।

(३) कोषको रकमको कर्जा प्रवाहबाट आर्जित आयको ५० (पचास) प्रतिशत सम्मको रकम कोषको दैनिक प्रशासन सञ्चालन गर्न, उत्पादित वस्तुहरुको बजारिकरण गर्न, कोषसँग सम्बन्धी काममा परिचालित कर्मचारीहरुको पारिश्रमिक लगाएतको सेवा सुविधाको रकम भुक्तानी गर्न, कर्मचारी र उद्यमी तथा व्यवसायीहरुको क्षमता विकास सम्बन्धी तालिम तथा गोष्ठी समेतका कार्यक्रमहरु सञ्चालन गर्नको लागि खर्च गर्न सकिनेछ ।

**१०. स्व-आर्जन प्रबर्द्धन कोष संचालन तथा व्यवस्थापन समिति :**

स्व-आर्जन प्रवर्द्धन कोषलाई नतिजामूलक तथा प्रभावकारी रुपमा संचालन गर्नको लागि देहाय बमोजिमको स्व-आर्जन कोष संचालन तथा व्यवस्थापन समितिको गठन गरिने छ ।

| | |
|---|---|
| संयोजक : | प्रमुख, नगरपालिका |
| सदस्य : | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य : | नगर सभाका सदस्यहरु महिला, दलित तथा अल्पसंख्यक सदस्यहरु मध्येबाट संयोजकले तोकेको एक जना महिला सहित २ जना |
| सदस्य : | कोषबाट कर्जा प्रवाह भएका उद्यमी तथा व्यवसायीहरु मध्ये संयोजकले तोकेको १ जना |
| सदस्य सचिव | अधिकृतस्तरको कार्यालयको कर्मचारी एक जना |

नोट : कोषको वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

**११. कोषको संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(१) स्व-आर्जन कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरेको (कार्यविधि) नियमावली बमोजिम उद्यमी तथा व्यवसायीहरुको छनौट गर्ने गरी कर्जा प्रवाहको निर्णय गर्ने ।

ख) कोषको आम्दानी र खर्चको विवरण सम्वन्धित नगर कार्यपालिकाको बैठक समक्ष स्वीकृतिका लागि पेश गर्न लगाउने ।

(ग) कोषबाट भएको मासिक खर्चको विवरण सार्वजनिकीकरण गर्न लगाउने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता, जवावदेही, उत्तरदायी, मितव्ययिता, कार्यदक्षता र औचित्यताको आधारमा गर्ने व्यवस्थाा मिलाउने र कोषको खर्च रकमको अनुगमनको क्रममा प्राप्त भएका सुझावहरुलाइ उपचारात्मक र सुधारात्मक रुपमा कार्यान्वयन गर्ने आदि ।

(२) कोषको उपयोग गरी स्थानीय उद्यम तथा व्यवसायको स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न आवश्यक प्रचारप्रसारको व्यवस्था गर्ने ।

(३) कर्जा मागको प्राप्त भएका आवेदन प्रस्ताव अनुसूची–१ को आधारमा मुल्याङ्कन गरी कर्जा प्रदान गर्नको लागि स्वीकृति प्रदान गर्ने । यसरी स्वीकृती प्रदान गर्दा कर्जाको लागि माग भएका निवेदनहरू मध्ये स्थानीय कच्चा पदार्थ, स्रोत, साधन, सिप तथा स्थानीय ज्ञान प्रयोग गरि गरिने उद्यम तथा व्यवसायलाई प्राथमिकता दिने ।

(४) कर्जा प्रवाह गरिएको सदस्यको व्यवसाय अनुगमन तथा निरिक्षण गरि आवश्यक परामर्श दिने ।

(५) समयमा नै लगानी नतिर्ने उद्यम तथा व्यवसायी माथि कारवाहीको कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

(६) कर्जा प्रवाह गर्न आवश्यकता अनुसार सुझाव लिने ।

(७) लगानी गरेको कर्जा असुली गर्नको लागि आवश्यक निर्णय गर्ने ।

(८) कर्जा प्राप्त गरेका व्यवसायी वा संस्थाहरुलाई उद्यम बृद्धि तथा स्तरोन्नती गर्नको लागि व्यवसायिक सिप बिकास तथा परामर्श सेवा प्रदान गर्न तथा कर्जा असुली गर्न आवश्यकता अनुसार सहजकर्ता नियुक्त गर्ने ।

(९) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने

**१२. कोषको खाता संचालन :**

(१) स्व-आर्जन कोषको खाता संचालन कोष सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीबाट हुनेछ ।

(२) बजेट निकासा, खर्च, लेखा प्रणाली, प्रतिवेदन एवं लेखा परिक्षण सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उद्यम तथा व्यवसाय विकास सम्बन्धी योजना तर्जुमा गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने;

(ख) स्वीकृत योजना कार्यान्वयन गर्न कार्य योजना बनाई स्वीकृतिका लागि समितिमा पेश गर्ने;

(ग) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि साधन श्रोत जुटाउन सम्बद्ध पक्षहरू जस्तै सरकारी, गैरसरकारी, निजी क्षेत्र समेतका निकायहरुसँग समन्वय गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयन गर्न सम्भावित वडाहरु/वस्तीहरु छनौट गर्नका लागि समिति समक्ष प्रस्ताव पेश गर्ने;

(ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा समिति र नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्ने;

(च) प्रचलित कानूनको अधिनमा रहि कोषको लेखा राख्ने, राख्न लगाउने, लेखा परिक्षण गर्ने गराउने, वेरुजु फछ्र्यौट गर्ने, गराउने ।

(छ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ज) कर्जा प्रवाह र असुलीको विवरण चुस्त र दुरुस्त राख्ने, राख्न लगाउने ।

(झ) कोष प्रतिवेदन तयार गरी समिति तथा नगर कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्ने ।

(ञ) समितिको बैठक सञ्चालन गर्ने ।

(ट) समितिको निर्णय बमोजिम भएका कर्जा प्रवाह भएका उद्यमी तथा व्यवसायीहरुको उद्यम तथा व्यवसाय अनुगमन गरी सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्ने र समितिबाट निर्णय भए बमोजिम कार्य गर्ने ।

(ठ) समितिसँग सम्बन्धित आर्थिक कारोबारको खाता सञ्चालन गर्ने ।

(ड) समितिसँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

**१४. आर्थिक प्रशासन शाखाको काम, कर्तव्य र अधिकार :** आर्थिक प्रशासन शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) कोषको खाता सञ्चालन गर्ने ।

(ख) प्रचलित कानूनको अधिनमा रहि कोषको आर्थिक कारोबारको लेखा राख्ने, लेखा परिक्षण गराउने र लेखापरिक्षणबाट देखिएका वेरुजुको रकम फछ्र्यौट गर्ने ।

(ग) कोषको लेखा सम्बन्धी अन्य कार्य गर्ने ।

**परिच्छेद – ४**

**समितिको भूमिका तथा दायित्व सम्वन्धी व्यवस्था :**

**१५. समितिको भूमिका तथा दायित्व** : यस (कार्यविधि) नियमावली कार्यान्वयनमा समितिको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः

(क) उद्यम तथा व्यवसाय विकास सम्बन्धी योजना स्वीकृत गर्ने;

(ख) स्वीकृत योजनालाई कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको सुनिश्चितता गर्ने;

(ग) उद्यम तथा व्यवसाय विकासका क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजी क्षेत्रका संघ-संस्थाहरूसँग समन्वय गर्ने;

(घ) उद्यम तथा व्यवसाय विकास सम्बन्धी भएका कामहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी, गर्न लगाई निर्देशन तथा सुझाव दिने;

(ङ) उद्यम तथा व्यवसायहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग समन्वय गर्ने;

(च) उद्यम तथा व्यवसायीक कार्यक्रमसँग सम्बन्धित नीतिगत विषयमा आवश्यकतानुसार प्रदेश सरकार र नेपाल सरकारका सम्बन्धित निकायमा सिफारिस गर्ने;

(छ) उद्यम तथा व्यवसाय विकास रणनीतिक योजनालाई तर्जुमा गरी नगर कार्यपालिकाबाट पेश गर्ने ।

(ज) उद्यम तथा व्यवसाय विकासका लागि स्थानीय स्रोत साधनको परिचालन गर्न आफू अन्तर्गतका सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिने;

(झ) विज्ञहरू मार्फत् उद्यम तथा व्यवसायहरुलाई आवश्यक परामर्श, सल्लाह र सुझाव दिने ।

**१६. उद्यम तथा व्यवसायहरुको प्रारम्भिक सर्वेक्षण गर्ने (स्रोत पहिचान, वजार र लक्षित समूह) विधिः**

(१) उद्यमी तथा व्यवसायीसँग सम्बन्धित संस्थाका आधिकारिक प्रतिनिधिले कार्यक्रम सञ्चालन गर्नको लागि समितिले तोकेका वडाहरूमा उद्यम तथा व्यवसाय सिर्जना र छनौटका आधारहरू बारे प्रारम्भिक सर्वेक्षण गर्नुपर्नेछ, यस सम्बन्धी विस्तृत विवरण अनुसूची-२ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका विधिहरू अपनाउनु पर्नेछ :

(क) घरधुरी सर्वेक्षण, सहभागी छनौट र मौजुदा उद्यम तथा व्यवसाय सर्वेक्षण फाराम (फारम ए, बी, सी अनुसूची  बमोजिम) भर्ने ।

(ख) सहभागितामूलक ग्रामिण लेखाजोखा गर्न ।

(ग) बजार सम्भाव्यता विश्लेषण (फाराम अनुसूची बमोजिम) तयार गर्ने ।

घ) गरिबीको स्तर नक्शाङ्कन गर्ने ।

(३) उपनियम (२) बमोजिमका विधिबाट गरिएको अध्ययनका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाले नगरपालिकाको सामाजिक/आर्थिक स्थितिको लेखाजोखा सहितको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन तयार गरी संचालन तथा व्यवस्थापन समितिमा छलफल तथा परामर्शका लागि पेश गर्नुपर्दछ ।

(४) उपनियम (३) बमोजिम छलफल तथा परामर्शका लागि पेश भएको प्रतिवेदन उपर समितिले सात दिनभित्र छलफल गरी आवश्यक निर्णय गरि निर्देशन दिनेछ ।

(५) उपनियम (४) बमोजिम समितिले उपलब्ध गराएको सुझाव एंव निर्देशन सहित समावेश गरी तयार भएको अन्तिम प्रतिवेदन समितिबाट अनुमोदन भएपछि प्रारम्भिक सर्वेक्षण कार्य पूरा भएको मानिनेछ ।

**(३) व्यवसाय तथा उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने :**

(१) समिति वा उद्यम तथा व्यवसाय विकास सेवा प्रदायक संस्थाले सम्भाव्य व्यवसाय तथा उद्यमीहरूलाई तोकिएको तालिमस्थलमा समूहमा उपस्थित गराइ उद्यमशीलता तथा व्यवसायीकताको विकास र कम्तिमा एक दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम दिनुपर्नेछ ।
(२) उद्यमशीलता तथा व्यवसायीकताको विकास सम्बन्धी तालिमको पाठ्यक्रममा मूलतः उद्यम तथा व्यवसायको सञ्चालन, विकास, प्रवर्द्धन तथा विस्तार सम्बन्धी विषयहरू समावेश हुनेछन् ।

**(४ ) उद्यम तथा व्यवसाय कर्जा पहुंचका लागि सहजीकरण गर्ने :** समिति वा उद्यम तथा व्यवसाय विकास सेवा प्रदायक संस्थाले उद्यम तथा व्यवसाय सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः देहाय बमोजिम तीन पक्षमा ध्यान दिएर सहकार्य गर्नुपर्नेछ :

क) अति विपन्न जसको आफ्नो घरमा उद्यम तथा व्यवसाय सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य उद्यमी तथा व्यवसायीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम तथा व्यवसाय सञ्चालन एंव प्रवर्द्धन गर्न सहजिकरण गर्ने ।

ख) सम्भाव्य उद्यम तथा व्यवसायहरु जसको आफ्नै थोरै पूंजी छ र त्यसबाटै उद्यम तथा व्यवसाय सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता उद्यमी तथा व्यवसायीहरुको पहिचान गरी उद्यम तथा व्यवसाय स्थापना र सञ्चालन एंव प्रवर्द्धनका लागि सहजीकरण गर्ने ।

ग) सम्भाव्य उद्यमी तथा व्यवसायीहरु, जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता उद्यमी तथा व्यवसायीहरुको पहिचान गरी स्थानीयस्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्वन्धित उद्यमी तथा व्यवसायी र वित्तीय संस्थाहरु बीच अन्तरक्रिया गराई कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

## परिच्छेद – ५

### १७. कर्जा प्रवाह, व्याज र असुली सम्बन्धी व्यबस्था :

(१) कर्जा प्रदान गर्न सम्झौता भएको बैंक तथा वित्तीय संस्थाको सूची, ठेगाना तथा सम्पर्क मोबाईल नम्बर सहित व्यक्तिको विवरण समितिले आफ्नो सूचना पाटीमा अद्यावधिक गरि टाँस गर्न लगाउनेछ। ।

(२) कोषबाट कर्जा लिन चाहने उद्यमी तथा व्यवसायीले एकल वा समूहमा कोषमा गई अनुसूची–१ बमोजिमको ढांचामा देहाय बमोजिमका कागजातहरू तथा सम्बन्धित कागजातहरु सम्बन्धित वडाका वडा सचिव र वडा अध्यक्षबाट प्रमाणित गराई निवेदन साथ संलग्न गरी कर्जाका लागि समितिका संयोजक समक्ष निवेदन दिनु पर्नेछ :

(क) उद्यमी तथा व्यवसायीले गरेको वा गर्न चाहेको उद्यम तथा व्यवसाय विवरण,
(ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्कीम),
(ग) कर्जा लगानी गर्न माग गरेको रकम,
(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो संस्था नगरपालिकामा दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(च) पछिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
(छ) सम्बन्धित वडाको सिफारिस
(ज) उद्यम तथा व्यवसायको विमा गरेको आधिकारीक प्रमाणको प्रतिलिपि । यसमा उद्यमी तथा व्यवसायी, विमा कम्पनी र कोष सञ्चालन तथा व्यवस्थापन समितिको बिचमा संयुक्त सम्झौता गरेको हुनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएपछि सदस्य सचिवले निवेदनमा उल्लेख गरिएको परियोजना सम्भाव्य भएको नभएको तथा जोखिम रहे नरहेको हेरी तिन कार्यदिन भित्र उपयुक्त लागेमा समिति समक्ष पेश गर्नेछ र समितिबाट निर्णय भए बमोजिम कार्यान्वयन गर्नेछ ।

(४) कुनै उद्यमी वा व्यवसायीलाई कर्जा लगानी गर्ने वा नगर्ने सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) यस (कार्यविधि) नियमावली बमोजिम कोषबाट उद्यमी तथा व्यवसायीहरुलाई एकपटकमा उद्यम तथा व्यवसायको प्रकृती र भएको लगानीलाई ध्यानमा राखि पचास हजार रुपैयांदेखि दश लाख रुपैयांसम्म कर्जा प्रवाह गर्नसक्नेछ ।

(६) कोषबाट कर्जा लगानी भएको रकमको सांवा र ब्याज गरी एकमुष्ट रकम भुक्तानी गर्ने अवधी कर्जा प्रवाह भएको मितिले गणना गरि उद्यम तथा व्यवसायको प्रकृति हेरी ६ महिनादेखि ३६ महिनासम्मको हुनेछ । उद्यम तथा व्यवसायको प्रकृति, कोषबाट प्रवाह हुने कर्जाको सिमा, व्याजको दर, सावा र व्याज कोषमा फिर्ता गर्ने समयावधि सम्बन्धी विस्तृत विवरण अनुसूची- ३ संलग्न गरिएको छ ।

(७) कोषबाट प्रवाह हुने कर्जाको व्याजदर वार्षिक २ (दुई) प्रतिशत हुनेछ ।

(८) उद्यमी तथा व्यवसायीले कोषबाट लिएको कर्जा र व्याज सहितको एकमुष्ट रकम तोकिएको समयावधि भित्र कोषमा जम्मा गरी फिर्ता गरेको नपाइएमा कर्जा अवधि सकिएको मिति पछि निजले लिएको कर्जाको रकम, कर्जाको रकममा लागेको व्याज रकम र २ प्रतिशत थप जरिवाना समेत गरि कोषमा कर्जाको रकम फिर्ता गर्नुपर्नेछ । समितिबाट पटक-पटक ताकेता गर्दा पनि कुनै उद्यमी तथा व्यवसायीले कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेको देखिन नआएमा समितिको निर्णय बमोजिम सम्बन्धित बिमा कम्पनीलाई उद्यम तथा व्यवसायको बिमा गरेको रकम कोषमा जम्मा गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ साथै नगरपालिकाबाट त्यस्तो उद्यमी तथा व्यवसायीलाई उपलब्ध हुने सेवा सुविधा बन्द गरि वा गर्न लगाई निजको घरजग्गा समेतको चल अचल सम्पत्ती बिक्री तथा नामसारी गर्नबाट रोक्का राखिदिन सम्बन्धित कार्यालयमा आवश्यक पहल गरिनेछ । यस कार्यमा सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**१८ त्रैमासिक प्रतिवेदन सम्वन्धी व्यवस्था :**

कर्जा प्रवाह गर्दा त्रैमासिक रुपमा प्रत्येक त्रैमासिक सकिएको १५ दिनभित्र अघिल्लो त्रैमासिकमा कोषबाट लगानी भएको उद्यमी तथा व्यवसायीहरुको नाम, कर्जा प्रवाहको रकम, असुल हुन बाँकी रकम र व्याज तथा जरिवानाको विस्तृत विवरण तयार गरी कोष संचालन तथा व्यवस्थापन समितिमा बुझाउनु पर्नेछ ।

**१९ उद्यमीलाई प्रोत्साहन :**

कोषबाट कर्जा लिएको रकम सम्बन्धित उद्यम तथा व्यवसायले उद्यम तथा व्यवसायको प्रवर्द्धन गर्दै निर्धारित समयभित्र कर्जाको सांवा ब्याज भुक्तानी गरेको पाइएमा त्यस्ता उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्न समितिको निर्णय बमोजिम पुरस्कृत र सम्मान गरिनेछ ।

## परिच्छेद – ६

**अनुगमन, मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्वन्धी व्यवस्था :**

**२०. अनुगमन तथा मूल्याङ्कन** :

(१) समितिले अनुगमनलाई प्रभावकारी र नतीजामुखी बनाउन देहाय बमोजिम अनुगमन उपसमिति गठन गर्नेछ:

संयोजक : समितिको सदस्य-सचिव
सदस्य : आर्थिक प्रशासन शाखाको सहायक स्तर पाचौ तहको लेखापाल
सदस्य सचिव : सदस्य-सचिवले तोकेको कर्मचारी
उप समितिमा आवश्यकता अनुसार नमुना उद्यमी तथा व्यवसायीहरुको प्रतिनिधित्व गराउन सकिनेछ।
(२) उद्यम तथा व्यवसाय गर्ने उद्यमी तथा व्यवसायीहरुले आवधिक (चौमासिक /वार्षिक) प्रतिवेदन तयार गर्नुपर्नेछ।
(३) कर्जा लगानीको अनुगमन तथा निरीक्षण समिति वा समितिका पदाधिकारीहरुले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै रुपमा गर्नेछन।
(४) उपनियम (१) बमोजिम गठित उपसमितिले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन संचालन समितिमा पेश गर्नुपर्नेछ।
(५) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कर्जा लिएको संस्थाले कुनै सुधार गर्नुपर्ने भनी सुझाव दिएमा त्यस्तो सुझाव पालना गर्नु सम्बन्धित उद्यमी तथा व्यवसायीको कर्तव्य हुनेछ।
(६) कर्जा प्रवाहलाई पारदर्शी बनाउनको लागि समितिले सम्पूर्ण विवरण संकलन गरि कोषको सूचना पाटीमा कर्जा प्रवाह भएका उद्यम तथा उद्यमीहरुको नाम त्रैमासिक रुपमा टाँस गर्नुपर्नेछ।

(७) उपसमितिले आफ्नो कार्यविधि आफै तर्जुमा गरी व्यवस्थित गर्नेछ।

## परिच्छेद – ७
## विविध

**२१. अधिकार प्रत्यायोजनः** समितिले आफुले गर्नुपर्ने काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार समितिको सदस्य सचिव वा कुनै कर्मचारीले गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**२२. जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको भूमिकाः**

यो (कार्यविधि) नियमावलीको कार्यान्वयन गर्दा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय वा ति निकाय अन्तरगतका निकायहरुको आवश्यक सहयोग लिन सकिनेछ।

**२३. संशोधनको व्यवस्था :** यस (कार्यविधि) नियमावलीमा रहेका कानूनी प्रावधानहरुलाई संशोधन गर्नुपर्ने भएमा समितिले प्रस्ताव सहित नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ। र सो प्रस्ताव उपर बैठकमा छलफल गरि निर्णय भए बमोजिम (कार्यविधि) नियमावलीमा संशोधन हुनेछ।

**२४. बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार :**
यस (कार्यविधि) नियमावली कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा परेमा बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ। यस (कार्यविधि) नियमावलीको सम्बन्धमा नगर कार्यपालिकाको बैठकबाट भएको निर्णय अन्तिम हुनेछ।